सम्वत् २०७५ सालको ऐन नं. :

# कर्णाली प्रदेश वित्तीय हस्तान्तरण(व्यवस्थापन) विधेयक, २०७५

<u>प्रस्तावना</u> : प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण हुने राजश्व बाँडफाँड तथा अनुदान सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा १९७ बमोजिम कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भ

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम **"कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन कर्णाली प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "आयोग" भन्नाले संविधानको धारा २५० बमोजिमको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्झनुपर्दछ ।

(ख) "प्रदेश सञ्चित कोष" भन्नाले संविधानको धारा २०४ बमोजिमको कर्णाली प्रदेश सञ्चित कोष सम्झनुपर्दछ ।

(ग) "योजना" भन्नाले आयोजना, परियोजना, कार्यक्रमसमेत सम्झनुपर्दछ ।

(घ) "वित्तीय समानीकरण अनुदान" भन्नाले दफा ४ बमोजिमको अनुदान सम्झनुपर्दछ ।

(ङ) "सशर्त अनुदान" भन्नाले दफा ५ बमोजिमको अनुदान सम्झनुपर्दछ ।

(च) "समपूरक अनुदान" भन्नाले दफा ६ बमोजिमको अनुदान सम्झनुपर्दछ ।

(छ) "विशेष अनुदान" भन्नाले दफा ७ बमोजिमको अनुदान सम्झनुपर्दछ ।

(ज) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्दछ ।

(झ) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनुपर्दछ ।

(ञ) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनुपर्दछ ।

(ट) "कर्णाली प्रदेश विभाज्य कोष" भन्नाले दफा ३ को उपदफा (१) बमोजिमको कोष सम्झनुपर्दछ ।

## परिच्छेद - २
## राजस्व बाँडफाँड

३. **राजस्व बाँडफाँड** : (१) प्रदेश एवम् स्थानीय तह दुबैको अधिकारक्षेत्रभित्र परेका कर एवम् गैरकर राजस्व बाँडफाँड गर्न प्रदेश सरकारले एक कर्णाली प्रदेश विभाज्य कोष खडा गरी त्यस्तो रकम सो कोषमा जम्मा गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको राजस्व अनुसूची - १ बमोजिम प्रदेश र स्थानीय सरकारबीच बाँडफाँड गरिनेछ ।

(३) उपदफा (२) बमोजिम बाँडफाँड भएको राजस्वमध्ये प्रदेश सरकारले प्राप्त गर्ने राजस्व प्रदेश सञ्चित कोषमा जम्मा गरिनेछ ।

(४) उपदफा (२) बमोजिमको स्थानीय तहहरूबीच बाँडफाँड हुने राजस्व यस ऐनको अधीनमा रही देहायको आधार एवम् आयोगले निर्धारण गरेको ढाँचा तथा सूत्र बमोजिम प्रदेशअन्तर्गतका स्थानीय तहलाई बाँडफाँड गरिनेछ :-

(क) राजस्व उत्पत्तिको आधार;
(ख) राजस्व सङ्कलन लागत;
(ग) प्रदेश र गाउँपालिका वा नगरपालिकाले जनतालाई पुऱ्याउनु पर्ने सेवाको क्षेत्र;
(घ) गरिबी, स्थानीय क्षेत्रगत असन्तुलन र असमानता न्यूनीकरण र
(ङ) अन्य आयका आधारहरू ।

## परिच्छेद – ३
## अनुदानसम्बन्धी व्यवस्था

४. **वित्तीय समानीकरण अनुदान**: (१) प्रदेश सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ ।

(२) प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्व समेतका आधारमा उपदफा (१) बमोजिम स्थानीय तहलाई बाँडफाँड हुने समानीकरण अनुदान रकम निर्धारण गर्नेछ ।

५. **सशर्त अनुदान**: (१) प्रदेश सरकारले स्थानीय तह वा प्रदेश सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधारबमोजिम स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सशर्त अनुदान प्रदान गरी प्रदेश सरकारले योजना कार्यान्वयन गर्नेसम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्नेछ ।

६. **समपूरक अनुदान**: (१) प्रदेश सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समपूरक अनुदान प्रदान गर्दा देहायका कुराहरूलाई आधार बनाइनेछः-

(क) योजनाको सम्भाव्यता;

(ख) योजनाको लागत;

(ग) योजनाबाट प्राप्त हुने प्रतिफल र लाभ;

(घ) योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता र जनशक्ति र

(ङ) योजनाको आवश्यकता र प्राथमिकता ।

(३) उपदफा (१) बमोजिमको समपूरक अनुदान कुनै योजनाको कूल लागतको अनुपातको आधारमा प्रदान गरिनेछ ।

(४) समपूरक अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरेबमोजिम हुनेछ ।

७. **विशेष अनुदानः** (१) प्रदेश सरकारले देहायको कुनै उद्देश्य राखी स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछः-

(क) शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक विकास, आवास, लैङ्गिक सशक्तीकरण जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने;

(ख) अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने र

(ग) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेद तथा वञ्चितीकरणमा परेका वर्ग वा समुदायको उत्थान र विकास गर्ने।

(२) विशेष अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद – ४
## विविध

८. **अनुदानको प्रयोग**ः यस ऐनबमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्नुपर्नेछ । सोही प्रयोजनमा प्रयोग भएको नपाइएमा प्रदेश सरकारले स्थानीय तहलाई उपलव्ध गराउने अनुदान रोक्का गर्न सक्नेछ ।

९. **नियम तथा कार्यविधि बनाउन सक्ने**ः यस ऐन कार्यान्वयनका लागि प्रदेश सरकारले नियम वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

## अनुसूची – १

### (दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

### राजस्व बाँडफाँड (प्रतिशतमा)

| क्र.स. | राजस्व शीर्षक | प्रदेश | स्थानीय तह | कैफियत |
|---|---|---|---|---|
| १ | सवारी साधन कर | ६० | ४० | |
| २ | घरजग्गा रजिष्ट्रेशन शुल्क | ४० | ६० | |
| ३ | विज्ञापन कर | ४० | ६० | |
| ४ | मनोरञ्जन कर | ४० | ६० | |

द्रष्टव्यः उल्लेखित करको दर आर्थिक ऐनमा तोकिनेछ ।

कर्णाली प्रदेश सभाको सम्वत् २०७५ साल आषाढ १९ गते बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको व्यहोरा संविधानको धारा २०१ बमोजिम प्रमाणित गर्दछु ।

..................................................

राज बहादुर शाही

सभामुख

कर्णाली प्रदेश